# हिमाली गाउँपालिका
## Himali Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## (Office Of Rural Municipal Executive)

धूलाचौर, बाजुरा (Dhulachaur , Bajura)
सुदूरपश्चिम प्रदेश, नेपाल (Sudurpaschim ,Nepal)

प.सं./Letter No.०८२।०८३ | च.नं./Ref.No.: ८६९ | मिति/Date:२०८३।०१।१७

नेपाल संवत् ११४६

विषय: वस्तीस्तरको आयोजना/ कार्यक्रम छनौट गर्ने सम्वन्धमा।

श्री वडा कार्यालय (१-७) सबै,
हिमाली गाउँपालिका, बाजुरा।

प्रस्तुत विषयम आ. व. २०८३/८४ को लागि आयोजना/ कार्यक्रमहरु छनौट गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ अनुसार बैशाख मसान्तभित्र वस्तीस्तरको भेला मार्फत वस्तीस्तरको आयोजना/ कार्यक्रमहरु छनौट गरी जेठ १० गतेभित्र विषय क्षेत्र बमोजिम बर्गीकरण र प्राथमिकीकरण गर्नुपर्ने प्रावधान अनुसार आ. व. २०८३/८४ को लागि प्रत्येक वडाको बजेट सिमाभित्र रही त्यहाँ कार्यालयका स्थानीय सरोकारवाला, लक्षित वर्गको प्रतिनिधिहरु, समेतको समावेशी सहभागितामा सर्वदली, सर्वपक्षीय तथा सरोकारवालाहरुको राय सुझाव लिई वस्ती भेलाको आयोजना गरी तपसिलमा उल्लिखित बजेट प्राथमिकताका आधारहरुमा रही मिति २०८३/०१/३१ गतेसम्म सबै विषयगत क्षेत्र समेत समेटी वस्ती तथा टोलस्तरबाट आयोजना/ कार्यक्रमहरु छनौट गरी वडा समितिबाट आयोजना/ कार्यक्रहरुको प्राथमिकताक्रम निर्धारण गर्ने व्यवस्था गर्नुहुन अनुरोध छ।

<u>बजेट प्राथमिकताका आधारहरु</u>

- ✓ आर्थिक विकास तथा गरिव निवारणका प्रत्यक्ष योगदान पुर्‍याउने।
- ✓ आर्थिक गतिविधि एवं विकास निर्माणका कार्यक्रमहरुलाई तिव्रता दिन।
- ✓ राज्यको लोक कल्याणकारी भूमिकालाई सुदृढ बनाउने।
- ✓ सामाजिक सुरक्षा एवं संरक्षण प्रदान गर्ने र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने।
- ✓ उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने।
- ✓ आम्दानी तथा रोजगारीमा अभिवृद्धि हुने।
- ✓ लागत सहभागिता जुटने तथा स्थानीय श्रोत सीप र साधनको प्रयोग हुने।
- ✓ समावेशी विकासमा योगदान पुग्ने।
- ✓ दिगो विकास तथा वातावरणीय संरक्षण हुने।

कविन्द्र राज पाण्डे
अधिकृत छैटौं(प्रशासन)

बोर्धाथ
श्री सूचना प्रविधा शाखा -गाउँपालिकाको वेबसाईट र फेसबुक पेजमा अपलोड गर्नु हुन।




गा.पा. अध्यक्ष :☏९८५८०२१५२१, प्र.प्र.अ :☏९८४३४१९४६५, सूचना अधिकारी :☏९८४९०७०३७०
E-mail:-ito.himalirulmun@gmail.com, kulthapa17gmail.com, kabindra2046pandey@gmail.com Website:-www.himalimun.gov.np


CamScanner